# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, जेठ २ गते २०५६ साल (अतिरिक्ताङ्क ५ (ख)


## भाग ३

### निर्वाचन आयोगको


### सूचना १

सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ३ बाट राष्ट्रिय जनमुक्ति पार्टीको तर्फबाट उम्मेदवार हुनुभएका श्री मानकाजी राईको मिति २०५६।२।२ गते मृत्यु भई उक्त क्षेत्रको मतदानको कार्य स्थगित भएकोमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले उक्त निर्वाचन क्षेत्रमा २०५६ साल असार १२ गते बिहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान गर्ने गरी मतदान हुने मिति र समय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४८ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्वत् २०५६ साल असार १२ गते मतदान हुने सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ३ को प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको मतसंङ्केत चिन्ह तोकेको छ ।

मतसंङ्केत गर्ने स्वस्तीक चिन्हः–



आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको सचिव


~~आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।~~



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । 326

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।